## प्राङ्गारिक मल अनुदान कार्यविधि, २०७६

प्रस्तावना: प्राङ्गारिक कृषिलाई प्रवर्द्धन गर्न उदेश्य अनुरुप आर्थिक बर्ष २०७५।०७६ देखि स्वदेशमा उत्पादित प्राङ्गारिक मलमा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको छ । अनुदानमा उपलब्ध गराउने प्राङ्गारिक मलको बिक्री वितरण सहज नभएको र लक्षित वर्गसँग पुग्न नसकेको, मूल्यमा एकरुपता नभएको जस्ता समस्याहरु देखापरेको कारण कृषि ज्ञान केन्द्र मार्फत प्राङ्गारिक मल अनुदान कार्यक्रम संचालन गर्न सकिएको खण्डमा कृषकहरुको माग वमोजिम गुणस्तरीय प्राङ्गारिक मलको विक्री वितरण हुने र यथार्थ विक्रीको आधारमा अनुदान प्रवाह भई सरकारी अनुदानको अधिकतम सदुपयोग हुने एवं स्थानीयस्तरमा संचालित प्राङ्गारिक मल उद्योगहरुको प्रवर्द्धन समेत हुने भएकोले सो कार्यलाई व्यवस्थित, पारदर्शी रुपमा सञ्चालन गर्न वाञ्छनीय भइ प्रदेश दुइको प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद –१

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम"प्राङ्गारिक मल अनुदान कार्यविधि, २०७६"रहेको छ।

(२) यो कार्यविधि प्रदेशसरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेको यस कार्यविधिमा,

(क) "प्राङ्गारिक मल" भन्नाले प्रचलित मापदण्ड तथा ल्याव रिर्पोटको आधारमा नेपालमा उत्पादन भई प्राङ्गारिक तथा जैविक मलअनुरुप दर्ता भएका प्राङ्गारिक मल सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(ग) "मन्त्रालय"भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(घ) "केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ङ) "उद्योग वा उत्पादक" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको "प्राङ्गारिक मल उद्योग" भन्ने सम्झनुपर्छ।

(च) "विक्रेता" भन्नाले मल उद्योग/उत्पादन वा मल आपूर्तिकर्ता खडा गरेको डिलर वा विक्रेता भन्ने सम्झनु पर्छ ।

### परिच्छेद–२
### अनुदान वितरण ब्यवस्थापन सम्बन्धी

३. मल आपूर्ति तथा वितरण ब्यवस्थापन समितिः (१) जिल्लास्तरमा मलको नियमित आपुर्ति तथा वितरण गर्न देहाय बमोजिमको मल आपुर्ति तथा वितरण व्यवस्थापन समिति रहनेछः

(क) प्रमुख, जिल्लासम्न्वय समिती -संयोजक

(ख) अधिकृतप्रतिनिधि , जिल्ला प्रशासन कार्यालय -सदस्य

(ग) प्रमुख, केन्द्र - सदस्य

(घ) कृषक प्रतिनिधि (एकजना महिला सहित २ जना) -सदस्य

(ङ) प्रमुख, कृषि सामग्री कम्पनी लिमिटेड -सदस्य

(च) प्रमुख, साल्ट ट्रेडिङ् कार्पोरेशन -सदस्य

(छ) मल निरिक्षक, केन्द्र -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मल निरिक्षक नतोकिएको जिल्लामा सम्बन्धित केन्द्रको प्रमुखले तोकेको अधिकृतले समितिको सदस्य सचिवको कार्य सम्पादन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको वैठक आवश्यकतानुसार बस्नेछ ।

(४) समितिको वैठकमा समितिले सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिले स्थानिय स्तरमा मल वितरणको मापदण्ड एवं विक्रिवितरणको प्रकृया प्रचलित कानूनको परिधि भित्र रही निर्धारण गर्न सक्नेछ ।

(६) समितिले वैठकको कार्याविधि आफै निर्धारण गर्नेछ ।

४. <u>समितिको काम, कर्तब्य तथा अधिकारः</u>(१) समितिको काम, कर्तब्य तथा अधिकार देहाय वमोजिम हुनेछ :-

(क) जिल्लामा किसानलाई अनुदानमा उपलब्ध गराइने मलको परिमाणको आधारमा क्षेत्र निर्धारण गर्ने।जिल्लाभर मल वितरण गर्न नसकिने वा आवश्यक नपर्ने भई केहि क्षेत्रमा मात्र प्राङ्गारिक मलको विक्रि वितरण गर्दा प्राङ्गारिक कृषि उत्पादन क्षेत्र, ब्यवसायिक कृषि उत्पादन क्षेत्र र गाईवस्तु वा पशु पालन कम भएको क्षेत्र वा माटोको उर्वराशक्ति कम भएको र विविधकारणले विग्रिएको माटो (Degraded Soil) भएको क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

(ख) मापदण्ड बमोजिमको मल उत्पादन र वितरण भए/नभएको यकिन गरी मापदण्ड बमोजिमको मल उत्पादन र वितरण नगर्ने फर्म/ब्यवसायलाई कानून अनुसार कारवाहीका लागि सम्बन्धित निकायलाईसिफारीसगर्ने ।

(ग) मलको सुलभ आपुर्ति तथा वितरण ब्यवस्थाको लागि केन्द्रलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

(घ) अनुदान वितरण सम्बन्धी आवश्यक काम गर्ने/गराउने ।

(ङ) अनुदानित प्राङ्गारिक मलको विक्रिवितरणमा अपचलन भएको अवस्थामा आवश्यक कानूनी कार्यवाहीका लागि स्थानीय प्रशासन तथा अन्य सम्बद्ध निकायमा जानकारी गराउने ।

## परिच्छेद-३

## अनुदान कार्यक्रम

५.<u>अनुदान उपलब्ध गराईने आधार</u>: (१) यस कार्यविधि वमोजिम प्रदान गरिने अनुदानको प्रयोजनको लागि प्राङ्गारिक मलमा देहाय वमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछ:

| (क) **मापदण्ड (criteria)** | **गुणस्तर** |
|---|---|
| न्यूनतम जम्मा नाइट्रोजन(N) % (oven dry basis) | १.५ |
| न्यूनतम जम्मा फोस्फोरस(P205)% (oven dry basis) | ०.५ |
| न्यूनतम जम्मा पोटास(K20)% (oven dry basis) | १.५ |
| चिस्यान% (oven dry basis) | २०–३० |
| प्राङ्गारिक कार्वन(Organic Carbon %) (oven dry basis) | १०–२० |
| कार्वन:नाइट्रोजन(C:N ratio) अनुपात | अधिकतम २०:१ |
| पि. एच. (pH) | ६.५ –७.५ |
| रङ्ग (color) | कालो–खैरो |
| गन्धodour (smell) | अन्यगन्ध रहित, माटो जस्तोगनाउने |
| रोगका जीवाणुहरुpathogens | शुन्य |
| मेशआकार स्क्वायर मिलिमिटर (Mesh Size, mm) | १२.५ मि.मि× १२.५ मि.मि |
| **गह्रौंधातुहरुविशेषत** | |
| आर्सनिकArsenic (AS) mg/kg | अधिकतम १० |
| क्याडियमCadmium (cd) mg/kg | ५–१० |
| क्रोमियमChromium (cr) mg/kg | अधिकतम ५० |
| शिशाLead (Pb) mg/kg | अधिकतम १०० |
| पारोMercury (Hg) mg/kg | अधिकतम २ |

**द्रष्टव्य:** झोलमलका हकमा भने अन्तराष्ट्रियस्तरमा नै मापदण्डन भएकोले उत्पादक/आयकर्ताले दर्ताका लागि प्रस्ताव गरेको मलमा उल्लेख भएकोले मल तथा प्रयोगशाला विश्लेषण नतिजाका आधारमा समितीले सिफारिस गरे बमोजिम हुनेछ।

(ख) मलको वोरा वा प्याकेजमा ब्यापारिक नाम (Trade Name) उल्लेख भएको ।

(ग) मलको उत्पादन र खपत गरिसक्नुपर्ने मिति, ब्याच नम्बर र तौल प्रष्टरुपमा देखिने गरी सुरक्षित रुपमा प्याकिङ्ग गरेको ।

(घ) मलमा पाईने पोषकतत्वको मात्रा प्रत्येक प्याकिङ्गमा उल्लेख गरेको ।

(ङ) समितिले तोके बमोजिमको अन्य आधार पुरा गरेको ।

(२) तोकिएको कुल रकममा नबढने गरी, कृषक उपभोक्तालाई विक्री वितरण आपुर्ति भएको परिमाणको प्राङ्गारिक मल कृषकले बुझेको भरपाई तथा बिक्रता आपुर्ति कर्ताले सम्झौता गरे अनुसारको मुल्य तथा परिमाण बिल माग आधारमा अनुदान वापतको रकम उपलब्ध गराउने/भुक्तानि गर्ने ।

६. <u>मल विक्रि वितरण विधिः</u> (१) यस कार्यविधि वमोजिमको अनुदान केन्द्रको सिफारिसमा कृषकहरुलाई उपलब्ध गराइने प्राङ्गारिक मलमा प्रदान गरिने छ ।

(२) प्राङ्गारिक मल अनुदान लागि जिल्लामा प्राप्त हुने वजेटका आधारमा कार्यालयले अनुदानमा विक्रि गर्ने मलको परिमाण निर्धारण गरी सुचना प्रवाह गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको आधारमा मन्त्रालय बाट वा संघिय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट उत्पादन गर्ने अनुमति प्राप्त गरेको प्राङ्गारिक मल उत्पादन, विक्रेता वा डिलरहरुले उपलब्ध गराउने मलको मात्रा गुणस्तरर मुल्य समेत खुलाई दफा (५) मा उल्लेखित आधारहरु पुष्टि हुने कागजात सहित केन्द्रमा अनुसूची ५ बमोजिम निवेदन दिनुपर्नेछ। निवेदकले आफ्ना जिल्लामा तथा स्थानीय क्षेत्रमा मल विक्रि गर्ने केन्द्र वाडिलरको नाम र रजिष्टर्ड नम्बर समेत उल्लेख गरी निवेदन दिन सक्नेछन। निवेदकहरुले जिल्ला भित्र आफ्नो एकभन्दा बढी बिक्री केन्द्र वा डिलर भए तिनको समेत विवरण निवेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम पर्न आएका निवेदन उपर जाँचवुझ गरी दफा (५) वमोजिमको आधार पुरागरेको पाईएमा केन्द्रले मल आपुर्तिकर्ताको रुपमा सूचिकृत गरी अनुदानित प्राङ्गारिक मलको आपुर्ति तथा विक्री वितरणमा सहभागी हुन पाउने उत्पादक, विक्रेता वाडिलरहरुको सूचि तयार गरी विभिन्न उत्पादक, विक्रेता वा डिलरहरुको विक्रि गर्ने मलको खुद्रा मुल्य,अनुदान रकम र अनुदानित मुल्य समेत सार्वजनिक गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रमाणित भएका उत्पादक, विक्रेता वा डिलरहरुले अनुसुचि -१ अनुसार प्राङ्गारिक मलको खरिद विक्रि तथा स्टक रजिष्टर र अनुसुचि -२ अनुसारको प्राङ्गारिक मलको विक्रिको लगत रजिष्टर अनिवार्य रुपले राख्नुपर्नेछ र आपूर्ति गर्न अनुमति प्राप्त जिल्लाको केन्द्रले तोकेको परिमाणमा बिक्रि वितरण गर्नुपर्नेछ।बिक्रि वितरण गरिने मलकोलगत विवरण केन्द्रका मल निरिक्षक वा केन्द्रले तोकेको अधिकारीले अनुगमनको क्रममा उक्त रजिष्टरको आधारमा स्टक मिले नमिलेको तथा सेवाग्राहीहरुले उल्लेखभए अनुसारको परिमाणको मल पाए नपाएको अनुगमन गर्नेछ ।

(६) उपदफा (४) बमोजिम सूचिकृत उद्योग वा विक्रेताहरुवाट विक्रि हुने मलमा मात्र अनुदान उपलब्ध गराईनेछ ।

(७) उद्योग रहेको जिल्ला भन्दा वाहिरका जिल्लाहरुमा प्राङ्गारिक मल अनुदानमा विक्रि वितरण गर्दा स्थानीय ढुवानी दररेट लाई आधार मानी मूल्य कायम गर्न सकिने छ। स्थानीय दररेट भन्दा ढुवानी वढी देखाईएको अवस्थामा केन्द्रले अनुदान कार्यक्रममा सहभागी गराउन वाध्य हुने छैन ।

(८) प्राङ्गारिक मलका अनुदान दर खुद्रा मूल्यको ७५ प्रतिशत सम्म र प्रति कठ्ठा ७५ के.जि.का दरले एक जना कृषकलाई २२५० के.जि. प्रतिहेक्टर भन्दा वढी हुने छैन।

तर कृषकले आफ्नो खर्चमा यस भन्दा वढी मल खरिद गर्न सक्नेछन्।

(९) प्राङ्गारिक मलको खरिदमा दिईने अनुदान दर तथा अनुदान विधिका सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालयले पुनरावलोकन गर्न सक्नेछ ।

७. <u>अनुदान प्रवाह विधिः</u>(१) केन्द्रले वा समितिले निर्णय गरे अनुसार कृषकहरुलाई जग्गाधनी पूर्जाको आधारमा प्रति कठ्ठा ७५के.जि. का दरले अनुसूचि-३ अनुसारको सिफारिस उपलब्ध गराउने र अनुसूचि -४अनुसारको विवरण समेत राख्नेछ।जग्गा धनी पूर्जा नभएका र अरुको जग्गाभाडामा लिई खेती गर्ने कृषकलाई जग्गा धनी तथा खेती गर्ने कृषकको सम्झौता पत्र /स्थानीय निकायको सिफारिस मध्ये कुनै एकको आधारमा केन्द्रले सिफरिस उपलब्ध गराउन सक्नेछ ।

(२) स्थानीय विक्रेताले केन्द्रको सिफारिसमा कृषकलाई मल विक्रि गर्दा विल काटी विक्रिमुल्यमा अनुदान वापतको रकम छुट दिई भुक्तानी रेकर्ड राख्नु पर्नेछ ।

(३) स्थानीय मल विक्रेताले अनुसूचि-३ बमोजिमको र मल खरिद गर्ने कृषकले अनुसूचि - २ अनुसारको विवरण सहित अनुदान रकम भुक्तानीका लागी सम्बन्धीत केन्द्रमा पेश गर्नु पर्नेछ र केन्द्रले संलग्न प्रमाणहरुको आधारमा अनुदान रकम उपलब्ध गराउनेछ ।

## परिच्छेद–४
## गुणस्तर नियन्त्रणसम्बन्धी व्यवस्था

८. <u>गुणस्तर नियन्त्रण सम्बन्धि व्यवस्थाः</u>(१) जिल्लामा विक्रि विवरण हुने प्राङ्गारिक मलको गुणस्तर तथा परिमाण केन्द्रले नियमित अनुगमन गर्नेछ ।

(२) अनुगमनमा विक्रि वितरण हुने प्राङ्गारिक मलको गुणस्तरको अनुगमन कृषि विकास निर्देशनालय, माटो तथा मल परिक्षण प्रयोगशालावाट हुनेछ ।

(३) न्यूनगुणस्तरको प्राङ्गारिक मल विक्रि वितरण गरेको पाईएमा वा समितिको निर्णयको वर्खिलाप गरेको पाईएमा त्यस्तो उत्पादक/वितरक लाई अनुदान दिइने छैन र अनुदान कार्यक्रममा समेत समावेश गरिने छैन ।

(४) विक्रि नभएको मल विक्रि भएको तथा यकिन परिमाण पेश नगरी परिमाण घटी बढी गरी वा ढाँटी अनुदानका लागि पेश गरेको पाईएमा त्यस्तो उत्पादक/वितरकको दर्ता खारेज गर्न केन्द्रले सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद –५
## अनुगमन निरिक्षण सम्बन्धी

९. **निरिक्षण तथा अनुगमन सम्बन्धी ब्यवस्था:** (१) अनुदानमा वितरित मलको अनुगमन निरिक्षण गर्ने मूख्य जिम्मेवारी केन्द्रको हुनेछ। केन्दले सिफारिस गरेको अनुदानित मल उपलब्ध गराउने अनुसूचि-४ अनुसारको विवरण तथा मल उत्पादक वा विक्रेताहरुले अनुसूचि -१ अनुसारको प्रत्येक महिनाको विवरण सो महिना समाप्त भई आउने महिनाको दुइ गतेभित्र अनिवार्यरुपले मल निरिक्षक वा सो कार्यक्रम हेर्ने शाखामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमन निरिक्षणको प्रतिवेदन चौमासिक रुपमा केन्द्रले सम्बन्धित कृषि विकास निर्देशनालयमा मार्फत पठाउनु पर्नेछ।

(३) प्राङ्गारिक मल विक्रि वितरण सम्बन्धी अनुगमन निरिक्षण तथा मूल्यांकन मन्त्रालय, कृषि विकास निर्देशनालय र माटो तथा मल परिक्षण प्रयोगशालावाट हुन सक्नेछ ।

(४) प्राङ्गारिक मल विक्रि वितरण पारदर्शी रुपमा भए/नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट निरिक्षण अनुगमन गरी सम्बन्धित निकायलाई जानकारी गराउन सक्नेछ ।

## परिच्छेद –६
## विविध

१०. **गुनासो तथा उजुरी सुन्न सक्ने:** (१) मल विक्रि वितरणको सम्बन्धमा समिति समक्ष उजुरी गर्न सक्नेछन्

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी उपर समितिले आवश्यक छानविन गरी दोषी उपर प्रचलित कानून बमाजिम कारवाही गर्न स्थानीय प्रशासन समक्ष लेखि पठाउनेछ ।

११. **सुरक्षा व्यवस्था:** मल बिक्रि वितरण गर्ने क्रममा हुन् सक्ने धाक, धम्कि तथा हुलहुज्जत लगायतका अवान्छित क्रियाकलाप हुन नदिन आवश्यक सुरक्षा व्यवस्थाका लागि केन्द्रले स्थानीयप्रसाशनलाई सुरक्षा व्यवस्था मिलाउन अनुरोध गर्न सक्नेछ ।

१२. **बैठक भत्ता सम्बन्धी व्यवस्था:** –(१) समितिको बैठक भत्ता प्रदेश सरकार खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार हुनेछ ।

१३. **खारेजी तथा संशोधन:** –मनत्रालयको सिफारिसमा प्रदेश सरकारले कार्यविधिको संशोधन तथा खारेजी गर्ने सक्नेछ ।

१४. **कार्यविधिको व्याख्या** :–कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्धिविधा पर्न गएमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुसूची –१

(दफा ५ को उपदफा (५) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

प्राङ्गारिक मलको खरिद बिक्रि तथा स्टक रजिस्टर

उत्पादन, आपूर्तिकर्ता वा बिक्रेताको नाम :-

ठेगाना :-

| मिति | उत्पादन/खरिद (के.जी.) | बिक्रि (के.जी.) | बाँकी स्टक मौज्दात (के.जी.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -२

(दफा ५ को उपदफा (५) र दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

### प्राङ्गारिक मलको बिक्रिको लागत रजिस्टर

उत्पादन, आपूर्तिकर्ता वा बिक्रेताको नाम :-

ठेगाना :-

| सि.न. | कृषकको नाम/थर | ठेगाना | कृषि ज्ञान केन्द्रको सिफारिस मिति न. | सिफारिस मलको परिमाण (के.जी.) | खरिद गरेको मलको नाम | खरिद परिमाण (के.जि.) | मुल्य प्रति (के.जी.) | जम्मा खरिद मुल्य (रु.) | अनुदानदर (रु.के.जि.) | जम्मा अनुदान रकम (रु.के.जी.) | बिल.न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नोट :- अनुदान रकम खुद्रा बिक्रि मुल्यको ७५ प्रतिशत हुनुपर्ने छ

अनुसूची -३
(दफा ७ को उपदफा (१) र (३) सँग सम्बन्धित)

कृषि ज्ञान केन्द्र

.......................................

मिति ........................

बिषय :- प्रङ्गारिक मलमा अनुदानको लागि सिफारिस सम्बन्धमा ।

प्रस्तुत बिषयमा ...............जिल्ला ...............गा.पा./न.पा. ..............वडा.न................ निवासी कृषक श्री ....................................लाई कृषि ज्ञान केन्द्र प्राङ्गारिक मल अनुदान कार्यक्रम अन्तर्गत परल मुल्यको ७५ प्रतिशत वरावरको अनुदानरकम उपलब्ध हुने गरि ............. के.जी.मल अनुदानित मुल्यमा उपलब्ध गराइदिन हुन् अनुरोध छ।

सिफारिस गर्ने :-

नाम/थर :-

पद:-

तपसिल

| विवरण | परिमाण | कैफियत |
|---|---|---|
| कृषकको नाम/थर | | |
| ठेगाना | | |
| जग्गाधनी पुर्जा कित्ता | | |
| जग्गा रहेको स्थान | | |
| सिफारिस मलको परिमाण के.जी. | | |

अनुसूची -४

(दफा ७ को उपदफा (१) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

प्राङ्गारिक मलमा अनुदानका लागि सिफारिस रजिस्टर

कृषि ज्ञान केन्द्र:-

| सि.न. | कृषकको नाम/थर | ठेगाना | जग्गाधनी पुर्जा र कि.न. | क्षेत्रफल | जग्गा रहेको स्थान | सिफारिस परिमाण के.जि. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति कठ्ठा ७५ के.जी. का दरले जम्मा परिमाण २२५० के.जी.भन्दा वढी हुने छैन ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुसूची - ५

(दफा ६ को उपदफा (३) संग सम्बन्धित)

(मल उत्पादक, बिक्रेता वा डिलरले अनुदानित मल बिक्रीको लागि सुचिकृत हुन् पाँउ बारे निबेदन फारमको नमुना )

श्री प्रमुख ज्यु,

कृषि ज्ञान केन्द्र

.......................................

बिषय :- अनुदान कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल बिक्रि गर्न पाँउ।

प्रस्तुत बिषयमा त्यस कार्यलयको मिति ........................................मा प्रकाशित सुचना अनुसार मेरो/हाम्रो कम्पनी बाट उत्पादित / बिक्रि/वितरण हुने तपशिल अनुसारको मल/मलहरु अनुदानको कार्यक्रम अन्तर्गत बिक्रि वितरणमा सहभागी हुन् पाँउ भनि आवश्यक कागजपत्र यसै सम्लग्न राखी यो निबेदन पेश गरेको छु/छौ

तपसिल

| सि.न. | मलको नाम | दर्ता न. मिति | उपलब्ध हुने कुल परिमाण | बिक्रि मुल्य रु. के.जी. | खाध्य तत्वको मात्रा प्रतिशत (न्युनतम ) | | | ल्याब टेस्ट रिर्पोट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ना. | फो. | पो. | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |